आज मिति २०७६ साल कार्तिक २६ गते बिहिबारको दिन यस देवानगञ्ज गाउँपालिका, गाउँकार्यपालिका का अध्यक्ष श्री लाली प्रसाद मेहता ज्यू को अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको बैठकमा देहाय बमोजिमको उपस्थितीमा तपसील बमोजिमको निर्णय गरियो ।

**उपस्थिती**

| | | |
|---|---|---|
| श्री लाली प्रसाद मेहता | अध्यक्ष | |
| श्री पुनीता देवी यादव | उपाध्यक्ष | |
| श्री सूर्य नारायण पाल | वडा अध्यक्ष वडा नं १ | |
| श्री मजलुम मियाँ | ,, ,, ,, ,, २ | |
| श्री अनिल कुमार भगत | ,, ,, ,, ,, ३ | |
| श्री चन्द्रेश्वर प्रसाद मेहता | ,, ,, ,, ,, ४ | |
| श्री अशोक यादव | ,, ,, ,, ,, ५ | |
| श्री देवनारायण मेहता | ,, ,, ,, ,, ६ | |
| श्री बद्री प्रसाद यादव | ,, ,, ,, ,, ७ | |
| श्री रेखादेवी सरकार | कार्यपालिका सदस्य | |
| श्री सोनी देवी यादव | ,, ,, | |
| श्री चन्द्रकला देवी दास | ,, ,, | |
| श्री राज कुमारी शाह | ,, ,, | |
| श्री नरेश शर्मा | ,, ,, | |
| श्री महानन्द पाल | ,, ,, | |
| श्री चुडामणी गुरागाई | सदस्य-सचिव | |

**आमन्त्रित**

| | | |
|---|---|---|
| श्री जनार्दन मेहता | सूचना अधिकृत | |
| श्री बाल कुमार श्रेष्ठ | कम्प्युटर अपरेटर (प्रशासन) | |
| श्री जय प्रकाश मेहता | स्वकिय सचिव | |
| श्री अरविन्द कुमार यादव (इन्जि.) | प्रशासन प्रमुख | |
| श्री बिन्देश्वर यादव | लेखा | |
| श्री जय प्रमोद प्रसाद मेहता | स्वास्थ्य शाखा | |
| श्री सुमन भट्टराई | लेखा प्रमुख | |

**प्रस्तावहरु:**

१. रोजगार संयोजक र प्राविधिक सहायकको नतिजा प्रकाशन सम्बन्धी ।

२. गाउँपालिकामा र वडा कार्यालयमा पालो-पहरा सम्बन्धमा ।

निर्णयहरू:

१. प्रस्ताव नं. १ मा छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्रत्येक स्थानीय तहमा एक जना रोजगार संयोजक र प्राविधिक सहायक नियुक्ति गर्ने मन्त्रालयबाट प्राप्त निर्देशन अनुसार पदपूर्तिको लागी यस गाउँपालिकाबाट मिति २०७६/११/१५ मा रोजगार संयोजकको सुचना आवहान गरी (लिखित र मौखिक परिक्षा लिने) परिक्षा मिति तोकी लिखित परिक्षा सञ्चालन गरिएकोमा रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ को परिच्छेद ३ को दफा-८ १० बमोजिम अन्तिम योग्यताको सूची प्रकाशन गर्दा समितिले छनौट परिक्षामा सहभागी उमेदवारले प्राप्त गरेको अंकको आधारमा योग्यताक्रमको सुची कायम गरी प्रकाशन गर्नु पर्ने र रोजगार संयोजक रिक्त पदको लागी १० को १ बमोजिम सबै भन्दा बढी अंक प्राप्त गर्ने उमेद्वार लाई छनौट गर्ने व्यवस्था उल्लेख भएको र कार्यविधीमा अन्तर्वार्ताको सम्बन्धमा कुनै व्यवस्था नगरेको हुँदा कार्यविधी अनुसार नतिजा प्रकाशन गर्न गराउन पदपुर्ति समितिलाई निर्देशन दिने निर्णय गरियो।

२. प्रस्ताव नं. २ मा छलफल गर्दा वर्तमान अवस्थामा सरकारी कार्यालयहरू दिन प्रतिदिन असुरक्षीत भइरहेको, चोरीको कार्य बढी रहेकोले सुरक्षालाई मध्यनजर गर्दै रातीको समयमा पालो-पहराको लागि गाउँपालिका र ७ (सात) वटा वडा कार्यालयको लागि ९ (नौ) जना पाले (चौकी गार्ड) को व्यवस्थापन गर्नुपर्ने भएकोले कार्यविधी बनाई नियुक्तिको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।